# अख्तियार दुरुपयोग अनुसन्धान आयोग

**टङ्गाल, काठमाडौं**

मितिः २०८३।०६।०१ गते।

# प्रेस विज्ञप्ति

**विषयः** सम्माननीय राष्ट्रपति रामचन्द्र पौडेलज्यू समक्ष अख्तियार दुरुपयोग अनुसन्धान आयोगको छतिसौं वार्षिक प्रतिवेदन (आर्थिक वर्ष २०८२/८३) पेस गरेको सम्बन्धमा।

नेपालको संविधानको धारा २९४ मा व्यवस्था भएबमोजिम अख्तियार दुरुपयोग अनुसन्धान आयोगका माननीय प्रमुख आयुक्त श्री प्रेम कुमार राईले आ.व. २०८२/८३ मा सम्पादन गरेका मुख्य कामकारबाही र गतिविधि समेटेर तयार गरेको आयोगको छत्तिसौं वार्षिक प्रतिवेदन आज मिति २०८३ साल असोज १ गते राष्ट्रपतिको कार्यालय, शीतल निवास, महाराजगञ्जमा आयोजित विशेष समारोहमा सम्माननीय राष्ट्रपति रामचन्द्र पौडेलज्यू समक्ष पेस गर्नुभयो।

सम्माननीय राष्ट्रपतिज्यूले अख्तियार दुरुपयोग अनुसन्धान आयोगले सार्वजनिक पद धारण गरेको व्यक्तिबाट भएको कार्यलाई पारदर्शी, जवाफदेही भ्रष्टाचारमुक्त बनाई मुलुकमा सुशासन प्रवर्धन गर्न निर्वाह गर्दै आएको संवैधानिक भुमिकाको प्रशंसा गर्दै भ्रष्टाचारजन्य कसुर पहिचान, अनुसन्धान र अभियोजन कार्यलाई वैज्ञानिक, विश्वसनीय, प्रविधिमैत्री र नतिजामुखी बनाउन, भ्रष्टाचार नियन्त्रणका विभिन्न रणनीतिहरू अवलम्बन गर्ने लगायतका कार्यहरूमार्फत सार्वजनिक निकाय तथा पदाधिकारीमा जवाफदेहिता नैतिकता र सदाचार अवलम्वन गर्न समेत आयोगले योगदान पुऱ्याएकोमा खुशी व्यक्त गर्नुभयो। मन्तव्यको क्रममा सम्माननीय राष्ट्रपतिबाट आयोगले आफ्नो संवैधानिक र कानुनी दायित्व थप प्रभावकारी र कार्यगत स्वायत्तता कायम राखी निष्पक्षता र निर्भिकताका साथ अघि बढाउनुपर्ने आवश्यकता रहेको बताउनुहुँदै आयोगलाई आगामी दिनहरूमा सक्षम, निष्पक्ष र प्रभावकारी ढंगबाट काम कारबाही गर्न सफलता मिलोस् भनी शुभकामना व्यक्त गर्नुभयो।

आयोगको छतीसौं बार्षिक प्रतिवेदन पेस गर्नुहुँदै आयोगका माननीय प्रमुख आयुक्त प्रेम कुमार राईले आर्थिक वर्ष २०८२/८३ मा आयोगले सम्पादन गरेका प्रमुख काम कारबाहीहरूको संक्षिप्त रुपमा विवरण प्रस्तुत गर्दै भ्रष्टाचारको स्वरूप, प्रवृत्ति र शैली समयानुकूल परिवर्तन हुँदै गइरहेको सन्दर्भमा यसलाई प्रभावकारी रूपमा नियन्त्रण गर्न आयोग आफैं पनि निरन्तर रूपमा संस्थागत, प्राविधिक र कार्यविधिगत दृष्टिले परिमार्जित हुँदै गएको जिकिर गर्नुभयो। साथै अनुसन्धान प्रक्रियालाई थप वैज्ञानिक र नतिजामुखी बनाउने क्रममा आयोगले जोखिमयुक्त क्षेत्र पहिचान गरी पूर्वसक्रिय अनुसन्धान प्रणाली,

डिजिटल फरेन्सिक लगायत अत्याधुनिक विधि र प्रविधिको उपयोग बढाइएको, अनुसन्धान अधिकृतहरूको व्यावसायिक दक्षता अभिवृद्धिका लागि नियमित तालिम, विशिष्टिकृत क्षमता विकास कार्यक्रम तथा अन्तर्राष्ट्रिय असल अभ्यासहरूको आदानप्रदानमार्फत जनशक्तिको ज्ञान र सीपमा निरन्तर सुधार, सङ्गठनात्मक संरचना, अन्तर-निकाय समन्वय र कानुनी/प्रक्रियागत ढाँचालाई समयानुकूल परिमार्जन गर्दै समग्र भ्रष्टाचार नियन्त्रणको संस्थागत क्षमतालाई थप सुदृढ बनाउँदै लगेको बताउनुभयो।

सोही अवसरमा उहाँले आयोगलाई थप जिम्मेवारीको रूपमा प्राप्त भएको सम्पत्ति शुद्धीकरण कसुरको अनुसन्धान र अभियोजनको कार्यलाई समेत आयोगले प्राथमिकताका साथ अगाडि बढाएको र यसका लागि विभिन्न मुलुकसँग थप पारस्परिक कानुनी सहायता सम्झौता गर्नुपर्ने अवस्था रहेको बताउनुभयो। सोही क्रममा भ्रष्टाचार हुन नदिनको लागि निरोधात्मक र प्रवर्धनात्मक कार्य तीनै तहका सरकारहरूले गर्नुपर्ने र भ्रष्टाचार नियन्त्रण आयोगको मात्र जिम्मेवारी हो भन्ने आम धारणामा परिवर्तन ल्याई भ्रष्टाचारप्रतिको सामाजिक स्वीकार्यता न्यूनीकरण गर्नुपर्ने कुरामा जोड दिनुभयो।

यसका साथै आयोग आफुलाई प्राप्त संवैधानिक जिम्मेवारीका साथै भ्रष्टाचार नियन्त्रण गरी सुशासन प्रवर्धन गर्ने राज्यको नीति कार्यान्वयन गर्न निर्भीकता, निष्पक्षता र तटस्थताका साथ कार्यसम्पादन गर्न प्रतिवद्ध रहेको र सो कार्यमा सरकारका सबै तह, अङ्ग एवम् निकायहरू, गैरसरकारी र निजी क्षेत्र, सञ्चारकर्मी, नागरिक समाज, अन्तर्राष्ट्रिय समुदाय एवम् आम नागरिकबाट प्राप्त साथ, सहयोग र ऐक्यवद्धताका लागि सबैलाई धन्यवाद दिँदै आगामी दिनमा समेत सहयोग र सहकार्यको निरन्तरताको अपेक्षा गर्नुभयो।

मन्तव्यको क्रममा उहाँले आगामी दिनमा आयोगलाई अझ बढी सक्रिय, सक्षम र कर्तव्यनिष्ठताका साथ अगाडि बढ्न मार्ग निर्देशन र सुझावको समेत अपेक्षा गर्दै आयोगको वार्षिक प्रतिवेदन पेस गर्ने कार्यक्रमका लागि समय उपलब्ध गराई दिनु भएकोमा सम्माननीय राष्ट्रपतिज्यू तथा राष्ट्रपति कार्यालय परिवारसमक्ष हार्दिक कृतज्ञता ज्ञापन गर्नु भयो।

आयोगको छतीसौं बार्षिक प्रतिवेदन पेस गर्ने समारोहमा आयोगका प्रमुख आयुक्त माननीय प्रेम कुमार राई, आयुक्तहरू माननीय जय बहादुर चन्द, माननीय डा. हरि पौडेल, माननीय डा. सुमित्रा श्रेष्ठ अमात्य, आयोगका सचिव, महाशाखा प्रमुख र कर्मचारीहरूका साथै राष्ट्रपतिको कार्यालयका विभिन्न पदाधिकारीहरूको समेत उपस्थिति रहेको थियो।

**<u>प्रतिवेदनमा उल्लिखित मूल बिषयहरू देहायबमोजिम रहेका छन्:</u>**

१. आर्थिक वर्ष २०८२/८३ मा आयोगको केन्द्रीय कार्यालय र मातहत कार्यालयमा दर्ता भएका आयोगमा विभिन्न माध्यमबाट दर्ता भएका ३३,५१९ वटा उजुरी र अघिल्लो आर्थिक वर्षबाट जिम्मेवारी सरी आएका ७,३२३ वटा गरी जम्मा ४०,८४२ वटा उजुरी कायम भएका छन्। सोमध्ये मा वेबसाइटमार्फत सर्वाधिक उजुरी प्राप्त भएको थियो भने सोबाहेक क्रमशः इमेल, लिखित निवेदन, हुलाक सेवा, टेलिफोन, सामाजिक सञ्जाल, हेलो सरकारलगायतका माध्यमबाट उजुरी परेका थिए।

२. यस अवधिमा कायम कुल उजुरीमध्ये तहगत आधारमा हेर्दा स्थानीय तहसँग सम्बन्धित उजुरी सबैभन्दा धेरै अर्थात् २०,०२५ वटा (४९.०३%) रहेका छन् भने सङ्घसँग सम्बन्धित १५,५१२ वटा (३७.९८%) र प्रदेशसँग सम्बन्धित सबैभन्दा कम अर्थात् ५,३०५ वटा (१२.९९%) उजुरी दर्ता भएका छन्। प्रतिवेदन अवधिमा ६ वटा प्रदेशमा स्थानीय तहका निकाय वा पदाधिकारीसम्बद्ध उजुरी बढी परेका छन् भने बागमती प्रदेशमा सङ्घीय निकाय वा पदाधिकारीसम्बद्ध उजुरीको सङ्ख्या बढी रहेको छ। उजुरीको समग्र सङ्ख्या बागमती प्रदेशमा सबैभन्दा बढी अर्थात् १३,२१४ वटा (३२.३५%) रहेका छन् भने गण्डकी प्रदेशमा सबैभन्दा कम अर्थात् २,६३५ वटा (६.४५%) रहेका छन्।

**प्रदेशगत रूपमा परेका सङ्घ, प्रदेश र स्थानीय तहसम्बद्ध उजुरीको विवरण**

| प्रदेश | सङ्घ | प्रदेश | स्थानीय तह | जम्मा उजुरी | उजुरी प्रतिशत | जम्मा फछ्र्यौट | फछ्र्यौट प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| कोसी प्रदेश | ९५१ | ५१६ | १,८९६ | ३,३६३ | ८.२३ | २,६८९ | ७९.९६ |
| मधेस प्रदेश | १,९०१ | १,४७५ | ७,३७० | १०,७४६ | २६.३१ | ८,२२६ | ७६.५५ |
| बागमती प्रदेश | ९,५०४ | ७६३ | २,९४७ | १३,२१४ | ३२.३५ | १०,३१० | ७८.०२ |
| गण्डकी प्रदेश | ८२२ | ४०७ | १,४०६ | २,६३५ | ६.४५ | २,३४७ | ८९.०७ |
| लुम्बिनी प्रदेश | १,२५५ | ७०२ | २,९३४ | ४,८९१ | ११.९८ | ४,२४४ | ८६.७७ |
| कर्णाली प्रदेश | ५२३ | ६४७ | १,८३६ | ३,००६ | ७.३६ | २,५४२ | ८४.५६ |
| सुदूरपश्चिम प्रदेश | ५५६ | ७९५ | १,६३६ | २,९८७ | ७.३१ | २,४६५ | ८२.५२ |
| **प्रदेशगत जम्मा** | **१५,५१२** | **५,३०५** | **२०,०२५** | **४०,८४२** | **१००** | **३२,८२३** | **८०.३७** |
| औसत उजुरी | २,२१६ | ७५८ | २,८६१ | ५,८३५ | | | |
| **प्रतिशत** | ३७.९८ | १२.९९ | ४९.०३ | १०० | | | |
| **प्रदेशगत फछ्र्यौट** | **१२,३९४** | **४,२२८** | **१६,२०१** | | | **३२,८२३** | |

३. आर्थिक वर्ष २०८२/८३ मा दर्ता कायम भएका प्रदेश सरकारसम्बद्ध कुल ५,३०५ वटा उजुरीमध्ये सबैभन्दा बढी १,४७५ वटा (२७.८०%) मधेस प्रदेशसम्बद्ध र सबैभन्दा कम ४०७ वटा (७.६७%)

गण्डकी प्रदेशसम्बद्ध रहेका छन्। विषय क्षेत्रगत आधारमा कोसी, बागमती, गण्डकी, लुम्बिनी, कर्णाली र सुदूरपश्चिम प्रदेशमा वन तथा वातावरण क्षेत्रसँग सम्बन्धित उजुरी सबैभन्दा बढी रहेका छन् भने मधेस प्रदेशमा भौतिक पूर्वाधार तथा यातायात क्षेत्रसँग सम्बन्धित उजुरी सबैभन्दा बढी रहेका छन्।

४. यस अवधिमा दर्ता कायम भएका स्थानीय तहसम्बद्ध कुल २०,०२५ उजुरीमध्ये सबैभन्दा बढी ७,३७० वटा (३६.८०%) उजुरी मधेस प्रदेशका स्थानीय तहसँग र सबैभन्दा कम १,४०६ वटा (७.०२%) उजुरी गण्डकी प्रदेशका स्थानीय तहसँग सम्बन्धित रहेका छन्।

५. सङ्घ सरकारसम्बद्ध उजुरीमध्ये मन्त्रालयगत आधारमा भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयसँग सम्बन्धित उजुरी सबैभन्दा बढी अर्थात् १९.५७% रहेका छन्। त्यसपछि बढी उजुरी परेका मन्त्रालयहरू क्रमशः शिक्षा तथा खेलकुद मन्त्रालय (१२.७८%), गृह मन्त्रालय (११.३३%), पूर्वाधार विकास मन्त्रालय (७.०६%), अर्थ मन्त्रालय (५.६५%), स्वास्थ्य तथ खाद्य स्वच्छता मन्त्रालय (५.२६%), ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय (४.२४%), संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय (३.६३%), कृषि, वन तथा पर्यावरण मन्त्रालय (३.५३%) र सूचना तथा सञ्चार मन्त्रालय (२.५७%) रहेका छन्। उल्लिखित मन्त्रालयहरू बाहेकका अन्य सङ्घीय मन्त्रालय तथा निकायसँग सम्बन्धित उजुरी २४.३८% रहेका छन्।

**बढी उजुरी परेका १० सङ्घीय मन्त्रालय**

| क्र.सं. | मन्त्रालयको नाम | अघिल्लो आ.व. बाट जिम्मेवारी सरेको उजुरी | आ.व. २०८२/८३ मा दर्ता भएका उजुरी | उजुरी सङ्ख्या | उजुरी प्रतिशत |
|---|---|---|---|---|---|
| १. | भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन | ४७३ | २,५६३ | ३,०३६ | १९.५७ |
| २. | शिक्षा तथा खेलकुद | २४४ | १,७३९ | १,९८३ | १२.७८ |
| ३. | गृह | ४९ | १,७०८ | १,७५७ | ११.३३ |
| ४. | पूर्वाधार विकास | २२७ | ८६८ | १,०९५ | ७.०६ |
| ५. | अर्थ | ११० | ७६७ | ८७७ | ५.६५ |
| ६. | स्वास्थ्य तथा खाद्य स्वच्छता | १०२ | ७१४ | ८१६ | ५.२६ |
| ७. | ऊर्जा, जलस्रोत तथा सिँचाइ | १५५ | ५०२ | ६५७ | ४.२४ |
| ८. | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन | ९६ | ४६७ | ५६३ | ३.६३ |
| ९. | कृषि, वन तथा पर्यावरण | ९४ | ४५४ | ५४८ | ३.५३ |
| १०. | सूचना तथा सञ्चार | ६० | ३३९ | ३९९ | २.५७ |

| | | | | | |
|---|---|---|---|---|---|
| ११. | अन्य मन्त्रालय तथा निकाय | १,०७४ | २,७०७ | ३,७८१ | २४.३८ |
| **जम्मा** | | **२,६८४** | **१२,८२८** | **१५,५१२** | **१००** |

६. स्थानीय तहगत रूपमा हेर्दा सबैभन्दा बढी उजुरी पर्ने १० स्थानीय तहमध्ये सबैभन्दा बढी ४४१ (२.२०%) उजुरी काठमाडौं महानगरपालिका, काठमाडौंसँग सम्बन्धित रहेका छन् भने त्यसपछि क्रमशः पोखरा महानगरपालिका, कास्की (१.८६%), विदेह नगरपालिका, धनुषा (१.२२%), छिपहरमाई गाउँपालिका, पर्सा (१.२२%), जनकपुर उपमहानगरपालिका, धनुषा (१.०१%), सिरहा नगरपालिका, सिराहा (०.८७%), जितपुरसिमरा उपमहानगरपालिका, बारा (०.८४%), सुवर्ण गाउँपालिका, बारा (०.८३%), वीरगञ्ज महानगरपालिका, पर्सा (०.७६%) र पचरौता नगरपालिका, बारा (०.७४%) रहेका छन्।

**बढी उजुरी परेका १० स्थानीय तह**

| क्र.सं. | स्थानीय तहको नाम | जिल्लाको नाम | अघिल्लो आ.व. बाट जिम्मेवारी सरेका | आ.व. २०८२/८३ मा दर्ता भएका | उजुरी सङ्ख्या | उजुरी प्रतिशत |
|---|---|---|---|---|---|---|
| १. | काठमाडौं महानगरपालिका | काठमाडौं | ८१ | ३६० | ४४१ | २.२० |
| २. | पोखरा महानगरपालिका | कास्की | ३८ | ३३४ | ३७२ | १.८६ |
| ३. | विदेह नगरपालिका | धनुषा | ५२ | १९३ | २४५ | १.२२ |
| ४. | छिपहरमाई गाउँपालिका | पर्सा | ५२ | १९३ | २४५ | १.२२ |
| ५. | जनकपुर उपमहानगरपालिका | धनुषा | ३४ | १६८ | २०२ | १.०१ |
| ६. | सिरहा नगरपालिका | सिराहा | १९ | १५६ | १७५ | ०.८७ |
| ७. | जितपुरसिमरा उपमहानगरपालिका | बारा | ३९ | १३० | १६९ | ०.८४ |
| ८. | सुवर्ण गाउँपालिका | बारा | ३३ | १३३ | १६६ | ०.८३ |
| ९. | वीरगञ्ज महानगरपालिका | पर्सा | २५ | १२७ | १५२ | ०.७६ |
| १०. | पचरौता नगरपालिका | बारा | ५३ | ९५ | १४८ | ०.७४ |
| ११. | अन्य स्थानीय तह | | ३,२०३ | १४,५०७ | १७,७१० | ८८.४४ |
| **जम्मा** | | | **३,६२९** | **१६,३९६** | **२०,०२५** | **१००** |

७. प्राप्त उजुरीमध्ये विषय क्षेत्रगत आधारमा सबैभन्दा बढी अर्थात् एक तिहाइभन्दा बढी १४,४३९ वटा (३५.३५%) उजुरी सङ्घीय मामिला क्षेत्र (स्थानीय तहसमेत) सँग सम्बन्धित रहेका छन्। त्यसपछि क्रमशः स्थानीय तहसमेत गरी समग्र शिक्षा क्षेत्र (१४.६७%), गैरकानुनी सम्पत्ति आर्जन (७.०८%), भूमि प्रशासन (६.७७%), गृह प्रशासन (४.५०%), वन तथा वातावरण (४.०७%), भौतिक पूर्वाधार तथा यातायात (३.७६%), स्वास्थ्य (३.६४%), नक्कली शैक्षिक प्रमाणपत्र (३.३९%), ऊर्जा, जलस्रोत

तथा सिँचाइ (२.५०%), अर्थ (२.२४%) र संस्कृति, पर्यटन तथा नागरिक उड्डयन (१.५७%) रहेका छन्। अन्य विषय क्षेत्रसँग सम्बन्धित उजुरी १०.४६% रहेका छन्।

**उजुरीको क्षेत्रगत विवरण**

| क्र. सं. | उजुरीको क्षेत्र | अघिल्लो आ.व. बाट जिम्मेवारी सरेको उजुरी | आ.व. २०८२/८३ मा दर्ता उजुरी | उजुरी सङ्ख्या | उजुरी प्रतिशत |
|---|---|---|---|---|---|
| १. | सङ्घीय मामिला (स्थानीय तहसमेत) | २,३७४ | १२,०६५ | १४,४३९ | ३५.३५ |
| २. | शिक्षा (स्थानीय तहसमेत) | ९३५ | ५,०५६ | ५,९९१ | १४.६७ |
| ३. | भूमि प्रशासन | ४७२ | २,२९३ | २,७६५ | ६.७७ |
| ४. | गृह प्रशासन | ९६ | १,७४० | १,८३६ | ४.५० |
| ५. | वन र वातावरण | ३०८ | १,३५३ | १,६६१ | ४.०७ |
| ६. | भौतिक पूर्वाधार तथा यातायात | ३०५ | १,२२९ | १,५३४ | ३.७६ |
| ७. | स्वास्थ्य | १८२ | १,३०४ | १,४८६ | ३.६४ |
| ८. | ऊर्जा, जलस्रोत तथा सिँचाइ | २४४ | ७७९ | १,०२३ | २.५० |
| ९. | अर्थ | ११४ | ८०२ | ९१६ | २.२४ |
| १०. | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन | १०९ | ५३३ | ६४२ | १.५७ |
| ११. | गैरकानुनी सम्पत्ति आर्जन | ४७९ | २,४१३ | २,८९२ | ७.०८ |
| १२. | नक्कली शैक्षिक प्रमाणपत्र | १,०६१ | ३२३ | १,३८४ | ३.३९ |
| १३. | अन्य क्षेत्र | ६४४ | ३,६२९ | ४,२७३ | १०.४६ |
| जम्मा | | ७,३२३ | ३३,५१९ | ४०,८४२ | १०० |

८. यस अवधिका कुल ४०,८४२ उजुरीमध्ये स्क्रिनिङ तथा प्रारम्भिक छानबिनबाट ३२,८२३ वटा (८०.३७%) उजुरी फछ्र्यौट भएका छन्। यसमध्ये आयोगको केन्द्रीय कार्यालय, टङ्गालको २४,०९७ उजुरीमध्ये २०,३८५ वटा (८४.६०%) र मातहत कार्यालयहरूका १६,७४५ उजुरीमध्ये १२,४३८ वटा (७४.२८%) उजुरी फछ्र्यौट भएका छन्। फछ्र्यौट हुन बाँकी ८,०१९ वटा उजुरी आ.व. २०८३/८४ मा जिम्मेवारी सरेका छन्।

**स्क्रिनिङ र प्रारम्भिक छानबिनबाट फछ्र्यौट भएका उजुरीको विवरण**

| आयोगको कार्यालय | उजुरीको सङ्ख्या | फछ्र्यौट गरिएका उजुरीको सङ्ख्या | | | | | बाँकी उजुरीको सङ्ख्या |
|---|---|---|---|---|---|---|---|
| | | विस्तृत अनुसन्धानमा गएको | तामेली | सुझावसहित तामेली | अन्य कारबाही | फछ्र्यौट सङ्ख्या | |
| टङ्गाल | २४,०९७ | २४० | १०,६४९ | ६७ | ९,४२९ | २०,३८५ | ३,७१२ |
| इटहरी | २,२५७ | ४६ | ८६८ | ३३ | ६९८ | १,६४५ | ६१२ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| बर्दीबास | ३,८३६ | ७७ | १,८३६ | ७३ | ५२२ | २,५०८ | १,३२८ |
| हेटौंडा | २,७२८ | ७९ | १,००४ | ६८ | ६१६ | १,७६७ | ९६१ |
| पोखरा | १,३३७ | ५१ | ५७९ | ८१ | ४४७ | १,१५८ | १७९ |
| बुटवल | १,९९९ | ६५ | ९२९ | १६५ | ५४३ | १,७०२ | २९७ |
| नेपालगञ्ज | ७५७ | १७ | ३४६ | १४ | २४१ | ६१८ | १३९ |
| सुर्खेत | २,१२१ | १०२ | १,१११ | १२२ | ३९३ | १,७२८ | ३९३ |
| कञ्चनपुर | १,७१० | ४५ | ८८८ | - | ३७९ | १,३१२ | ३९८ |
| **जम्मा** | **४०,८४२** | **७२२** | **१८,२१०** | **६२३** | **१३,२६८** | **३२,८२३** | **८,०१९** |
| **फछ्र्यौट प्रतिशत** | | **२.२०%** | **५५.४८%** | **१.९०%** | **४०.४२%** | **१००%** | |

९. आर्थिक वर्ष २०८२/८३ मा आयोगको कुल ६२ वटा बैठक बसी विभिन्न विषयमा जम्मा १,१३० वटा निर्णय भएका छन् जसमध्ये मुद्दा दायर गर्ने १७५ वटा, तामेलीमा राख्ने ५८५ वटा, सुझाव लेखी पठाउने ९० वटा, कारबाहीका लागि लेखी पठाउने ७ वटा, मुलतबीमा राख्ने १७ वटा, पुनरावेदन गर्ने १०१ वटा, पुनरावेदन नगर्ने ३१ वटा, पुनरावलोकन गर्ने ३ वटा, पुनरावलोकन नगर्ने १०९ वटा र अन्य निर्णय ९९ वटा रहेका छन्।

१०. यस अवधिमा आयोगबाट विभिन्न भ्रष्टाचारजन्य कसुरमा विशेष अदालतमा १७५ वटा मुद्दा दायर गरिएका छन्। यसमध्ये सार्वजनिक सम्पत्ति हानि नोक्सानीसम्बन्धी मुद्दा सबैभन्दा बढी ५६ वटा रहेका छन्। त्यसपछि क्रमशः घुस (रिसवत) सम्बन्धी ४१ वटा, गैरकानुनी लाभ वा हानिसम्बन्धी २७ वटा, झुटा/नक्कली शैक्षिक प्रमाणपत्रसम्बन्धी १५ वटा, गैरकानुनी सम्पत्ति आर्जनसम्बन्धी ११ वटा, राजस्व चुहावट/हिनामिनासम्बन्धी ५ वटा, सम्पत्ति शुद्धीकरणको कसुरसम्बन्धी ५ वटा र अन्य कसुरसम्बन्धी १५ वटा मुद्दा रहेका छन्। आयोगबाट विशेष अदालतमा दायर भएका मुद्दाहरूमा १४५ जना महिला, ८०१ जना पुरुष र ४४ वटा संस्था गरी कुल ९९० प्रतिवादीविरुद्ध कैद सजाय र जरिवानाका अतिरिक्त २५ अर्ब २३ करोड ६५ लाख ९७ हजार ९ सय ८९ रुपियाँ ८२ पैसा बिगो मागदाबी लिइएको छ।

**मुद्दा दायर, प्रतिवादी र बिगो मागदाबी सम्वन्धी विवरण**

| क्र. सं. | कसुरको विषय | मुद्दा सङ्ख्या | प्रतिवादी (सङ्ख्या) | | | | कुल बिगो मागदाबी (रु.) |
|---|---|---|---|---|---|---|---|
| | | | महिला | पुरुष | संस्था | जम्मा | |
| १. | सार्वजनिक सम्पत्ति हानि नोक्सानी | ५६ | ५५ | ३१४ | २८ | ३९७ | ५,०७,२९,१८,८२०।२६ |
| २. | घुस (रिसवत) मात्र | ४१ | १५ | ९१ | - | १०६ | ८,९३,३०,४५२।०० |
| ३. | गैरकानुनी लाभ वा हानि | २७ | ३५ | २१३ | ११ | २५९ | १८,९०,१२,५७,२५३।९२ |
| ४. | झुटा/नक्कली शैक्षिक प्रमाणपत्र | १५ | ३ | १२ | - | १५ | - |
| ५. | गैरकानुनी सम्पत्ति आर्जन | ११ | १४ | १७ | १ | ३२ | ३८,८९,४९,६४८।७० |
| ६. | राजस्व चुहावट/हिनामिना | ५ | ३ | ३० | २ | ३५ | ६७,८६,३८,९०४।९९ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ७. | घुस (रिसवत) र सम्पत्ति शुद्धीकरण | ४ | २ | ११ | २ | १५ | ७,९६,३५,५८५।४२ |
| ८. | सम्पत्ति शुद्धीकरण मात्र | १ | ३ | २ | - | ५ | २,५८,६७,३२४।५३ |
| ९. | अन्य (सरकारी कागजात सच्याउने, झुटा/नक्कली कागजात तयार गर्नेलगायत) | १५ | १५ | १११ | - | १२६ | - |
| | **जम्मा** | **१७५** | **१४५** | **८०१** | **४४** | **९९०** | **२५,२३,६५,९७,९८९।८२** |

माथि उल्लेखित कुल ९९० प्रतिवादीहरूमध्ये सङ्घीय मन्त्री ७, राष्ट्रसेवक कर्मचारी ५४९, निर्वाचित जनप्रतिनिधिहरू ५०, राजनितिक नियुक्ति २२, विभिन्न उपभोक्ता तथा व्यवस्थापन समितिका पदाधिकारीलगायत, संस्था र अन्य गरी ३६२ रहेका छन। राष्ट्रसेवक कर्मचारी ५४९ जनामध्ये विशिष्ट श्रेणीका ११, सहसचिव वा सो सरह ३३, उपसचिव वा सो सरह ९८ र शाखा अधिकृत वा सो सरह २०२ र सहायकस्तरका २०५ जना रहेका छन्।

११. आयोगबाट विशेष अदालतमा हालसम्म दायर गरिएका मुद्दामध्ये आ.व. २०८२/८३ मा जम्मा १५६ वटाको फैसला प्राप्त भई ८१ वटा (५१.९२%) मुद्दामा कसुर कायम भएको छ। प्रतिवेदन अवधिमा सम्मानित सर्वोच्च अदालतमा कुल १०४ वटा पुनरावेदन दर्ता गरिएको छ। साथै, आयोगको पुनरावेदनउपर सर्वोच्च अदालतले गरेको फैसलामा चित्त नबुझी सोही अदालतमा ३ वटा पुनरावलोकन निवेदन गरिएको छ।

१२. आयोगले अवलम्बन गर्दै आएको निरोधात्मक रणनीतिअन्तर्गत प्रतिवेदनमार्फत शासकीय विषय क्षेत्र र तीनै तहका सार्वजनिक निकायसँग सम्बन्धित छुट्टाछुट्टै सुझाव प्रदान गरेको छ। साथै, उजुरीको प्रारम्भिक छानबिन तथा विस्तृत अनुसन्धानपश्चात् समेत विभिन्न सार्वजनिक निकाय वा पदाधिकारीलाई सुझाव प्रदान गरेको छ। यसका अतिरिक्त प्रतिवेदन अवधिमा उजुरीको सघनता, प्रकृति, जटिलता र गाम्भीर्यतालाई मध्यनजर गरी सम्पत्ति शुद्धीकरण नियन्त्रण, शिक्षा, सूचना प्रविधि तथा सञ्चार, भूमि प्रशासन, धितोपत्रलगायतका सम्बद्ध निकाय तथा पदाधिकारीसँग विभिन्न समन्वय बैठक तथा छलफल सम्पन्न गरेको छ।

१३. आयोगको प्रवर्धनात्मक रणनीतिअन्तर्गत आ.व. २०८२/८३ मा आयोगले चितवन, डडेलधुरा, बाजुरा र डोटी गरी ४ जिल्लामा जिल्लास्तरीय तथा १३४ स्थानीय तहमा स्थानीय तहस्तरीय अन्तरक्रिया कार्यक्रम सम्पन्न गरेको छ भने "सुशासन सवाल" र "नीति संवाद" टेलिभिजन कार्यक्रमको उत्पादन एवम् प्रसारण, एफएम रेडियोमार्फत सन्देश प्रसारण, भीडभाड हुने कार्यालयमा सन्देशमूलक स्टिकर टाँस र वेबसाइट तथा सामाजिक सञ्जाल (फेसबुक पेज, युट्युब च्यानल आदि) मार्फत नियमित सूचना प्रवाह गर्दै आएको छ।

१४. आयोगको जनशक्तिको क्षमता विकासका लागि आ.व. २०८२/८३ मा ४ पटक अनुसन्धानसम्बन्धी अभिमुखीकरण तालिम सञ्चालन गरिएको छ। यस्तै, सम्पत्ति शुद्धीकरण कसुरको अनुसन्धान तथा अभियोजनसम्बन्धी तालिमको अवधारणापत्र स्वीकृत गरी सोही आधारमा पाक्षिक/मासिक रूपमा तालिम प्रदान गरिँदै आएको छ। यसका अतिरिक्त यस अवधिमा आयोगका पदाधिकारी तथा कर्मचारीलाई विभिन्न वैदेशिक तालिम, बैठक, गोष्ठी र सेमिनारमा सहभागी गराइएको छ।

१५. आयोगले विगतमा दिएका सुझावको कार्यान्वयन अवस्थासम्बन्धी सम्बन्धित निकायबाट प्राप्त प्रगतिसम्बन्धी विवरणमा कार्यान्वयन हुन बाँकी देखिएका सुझावलाई यस प्रतिवेदनमा निरन्तरता दिँदै आवश्यकता र औचित्यका आधारमा निकायगत र विषय क्षेत्रगत थप नयाँ सुझावसमेत समावेश गरिएको छ।

१६. आयोगको पाँचौं रणनीतिक योजनाको कार्यान्वयनका लागि उपचारात्मक , निरोधात्मक, प्रवर्धनात्मक र संस्थागत सुदृढीकरण रणनीतिअन्तर्गत जम्मा ७३ वटा क्रियाकलापहरू पहिचान भएकोमा हालसम्म सोअन्तर्गतका १९ वटा क्रियाकलापहरू सम्पन्न भई रणनीति कार्यान्वयनको दोस्रो वर्षमै २६ प्रतिशत प्रगति हासिल भएको छ।

१७. भ्रष्टाचारको स्वरूप, प्रवृत्ति र शैलीमा भइरहेको परिवर्तनलाई प्रभावकारी रूपमा सम्बोधन गर्न आयोगमा विशिष्ट दक्षतायुक्त जनशक्ति, आधुनिक प्रविधि तथा उपकरणको विकास र थप वैज्ञानिक अनुसन्धान पद्धतिको अवलम्बन आवश्यक देखिएको छ। भ्रष्टाचारका जोखिमयुक्त क्षेत्रमा पूर्वसक्रिय अनुसन्धान प्रणालीलाई अपेक्षित रूपमा अवलम्बन गर्न नसकिएको, उजुरीको सङ्ख्या बढ्दै गए पनि तथ्यपरक तथा गुणस्तरीय उजुरीको पर्याप्तता नरहेको र भ्रष्टाचारजन्य कसुरको अनुसन्धानका लागि विभिन्न मुलुकसँग थप पारस्परिक कानुनी सहायता सम्झौता गर्नुपर्ने अवस्था रहेको छ।

१८. भ्रष्टाचार नियन्त्रण आयोगको मात्र जिम्मेवारी हो भन्ने आमधारणामा परिवर्तन ल्याई भ्रष्टाचारप्रतिको सामाजिक स्वीकार्यता न्यूनीकरण गर्नुपर्ने देखिन्छ। उल्लिखित समस्या तथा चुनौतीलाई सम्बोधन गर्न आयोगले दीर्घकालीन रणनीतिक दृष्टिकोणसहित आगामी आर्थिक वर्षका लागि आवश्यक कार्यदिशा तय गरेको छ।

१९. आयोगले सामना गर्नुपरेका विविध नीतिगत, कानुनी, संस्थागत, प्रशासनिक तथा पर्यावरणीय चुनौतीका बाबजुद भ्रष्टाचार नियन्त्रण र सुशासन प्रवर्धनका क्षेत्रमा उल्लेखनीय प्रगति हासिल गरेको छ। उजुरी फछ्र्यौट दरमा क्रमिक सुधार हुनुका साथै उजुरीको अनुसन्धान तथा अभियोजन प्रक्रियालाई थप प्रभावकारी, व्यवस्थित र परिणाममुखी बनाउँदै लगिएको छ। साथै, उजुरी फछ्र्यौटमा लाग्ने समयावधि न्यूनीकरण तथा अभियोजन गरिएका मुद्दाको सफलता दर अभिवृद्धि गर्ने उद्देश्यले अनुसन्धानको

गुणस्तर, कार्यसम्पादनको प्रभावकारिता र संस्थागत क्षमतामा सुधारका लागि सार्थक प्रयासहरू अघि बढाइएको छ।

२०. आयोगले सम्पादन गर्दै आएको उपचारात्मक, निरोधात्मक र प्रवर्धनात्मक कार्यबिच सन्तुलन कायम गर्न राज्यका सम्पूर्ण संयन्त्र, निजी क्षेत्र, नागरिक समाज, सञ्चारजगत्‌लगायत सरोकारवालासँगको सहकार्य अपरिहार्य छ। भ्रष्टाचार नियन्त्रणलाई आर्थिक-सामाजिक विकासका एजेन्डामा मूलप्रवाहीकरण गर्दै कानुनको इमान्दार परिपालना, उच्च नैतिक मूल्यमान्यता र जनअपेक्षालाई केन्द्रमा राखी कार्यसम्पादन गर्न सक्दा मात्र अपेक्षित रूपमा भ्रष्टाचार न्यूनीकरण सम्भव हुन्छ। विशेष गरी भ्रष्टाचारको असरभन्दा यसको कारणमै रोकथाम गर्न सकेमा उल्लेख्य नियन्त्रण हासिल गर्न सकिन्छ। यस सन्दर्भमा भ्रष्टाचारजन्य कसुरको गुणस्तरीय र प्रभावकारी अनुसन्धान तथा अभियोजनमा सहयोग गर्ने, निरोधात्मक तथा प्रवर्धनात्मक अभियानलाई परिणाममुखी बनाउने र प्राथमिक रूपमा भ्रष्टाचार हुनै नदिने दायित्व सबै कार्यकारी निकायको हो भन्ने आयोगको सोच रहेको छ। साथै, भ्रष्टाचार नियन्त्रण र सुशासन प्रवर्धनको यस साझा राष्ट्रिय लक्ष्यमा सार्वजनिक, निजी, गैरसरकारी तथा सहकारी क्षेत्र, सञ्चारजगत्, नागरिक समाज र सम्पूर्ण सरोकारवालाको सक्रिय सहकार्य र समन्वयको अपेक्षा आयोगले राखेको छ भने यस सम्बन्धमा आफ्नो संवैधानिक जिम्मेवारी निर्वाह गर्न आयोग सधैं प्रतिबद्ध रहेको छ।

प्रवक्ता<br>
सुरेश न्यौपाने